# बागमती प्रदेश विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२

बागमती प्रदेश विश्वविद्यालय,
हेटौडा, मकवानपुर ।

## बागमती प्रदेश विश्वविद्यालय

## बागमती प्रदेश विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि,२०८२

बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ४४ एवम् बागमती प्रदेश विश्वविद्यालय विधान, २०८१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम, २०८२ को विनियम १२८ (घ) को प्रयोजनसमेतका लागि बागमती प्रदेश विश्वविद्यालय कार्यकारी परिषदको सिफारिसमा विश्वविद्यालय संरक्षक समितिले यो कार्यविधि निर्माण गरेको छ :

**परिच्छेद १**

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "बागमती प्रदेश विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ रहेको छ। यसलाई संक्षेपमा "शिक्षक नियुक्ति सिफारिस कार्यविधि, २०८२ भनिने छ।

(ख) यो कार्यविधि संरक्षक समितिले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले प्रदेश उच्च शिक्षा ऐन,२०७८ सम्झनु पर्दछ।

(ख) "विधान" भन्नाले बागमती प्रदेश विश्वविद्यालय विधान, २०८१ सम्झनु पर्दछ।

(ग) "विनियम" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका प्रचलित विनियमहरू सम्झनु पर्दछ।

(घ) "विश्वविद्यालय" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका अध्यक्ष सम्झनु पर्दछ।

(च) "सेवा आयोग" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोग सम्झनु पर्दछ।

(छ) "सेवा आयोग अध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगका अध्यक्ष सम्झनुपर्दछ।

(ज) "उपाध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका उपाध्यक्ष सम्झनु पर्दछ।

(झ) "सदस्य" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका सेवा आयोगका सदस्य सम्झनु पर्दछ।

(ञ) "प्रतियोगिता" भन्नाले विश्वविद्यालयको नियमअनुसार सेवा आयोगद्वारा आह्वान गरिएका प्रतियोगिता सम्झनु पर्दछ।

(ट) "लिखित परीक्षा" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्दछ। विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसले सेवा आयोगबाट सञ्चालित प्रयोगात्मक परीक्षा, अन्तरवार्ता वा अन्य कुनै पनि परीक्षासमेत जनाउँछ।

(ठ) "उम्मेदवार" भन्नाले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार शिक्षक वा कर्मचारीलाई समेत जनाउँछ।

(ड) "अनुसूची" भन्नाले यसै कार्यविधिका अनुसूची सम्झनु पर्दछ।

(ढ) "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले नेपाल सरकार र स्थापित मापदण्ड अनुसार मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्था भन्ने सम्झनु पर्दछ।

(ण) "योग्यता" भन्नाले शिक्षक पदमा नियुक्तिको लागि तोकिएको न्यूनतम योग्यता सम्झनु पर्दछ।

(त) "अङ्क" भन्नाले सेवा आयोगबाट यसै कार्यविधिका अनुसूची बमोजिम विभिन्न आधारमा दिईने अङ्क सम्झनु पर्दछ।

(थ) "समायोजन" भन्नाले ऐनको दफा ९(३) बमोजिम आङ्गिक क्याम्पसको रूपमा भएको समायोजन सम्झनुपर्दछ।

(द) "आवेदन दस्तुर" भन्नाले प्रतियोगितामा सामेल हुनको लागि सेवा आयोगले तोकेको न्यूनतम दस्तुर सम्झनु पर्दछ।

(ध) "शिक्षण सहायक वा सहायक प्राध्यापक" भन्नाले क्याम्पस वा विश्वविद्यालयमा प्रवेशस्तर शुरुवातको प्राध्यापक पद हो।

३. **विधान, नियम वा विनियमअन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरू :** यस कार्यविधिमा भएकामा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्याशहरूको व्याख्या सोही अनुरूप गरिने छ।

## परिच्छेद २

## पदपूर्ति सम्बन्धी व्यवस्था

४. **विश्वविद्यालयको शिक्षण सेवा तथा प्रशासन सेवातर्फका पदहरूमा देहाय बमोजिम पूर्ति गरिने छ :**

**(क) शिक्षण सेवा**

| पद | खुल्ला प्रतियोगिता | आन्तरिक प्रतियोगिता | कैफियत |
|---|---|---|---|
| प्राध्यापक | २०% | ८०% | |
| सह-प्राध्यापक | ३०% | ७०% | |
| उप-प्राध्यापक | ६०% | ४०% | |
| सहायक प्राध्यापक | १००% | - | |
| प्रशिक्षक | १००% | - | |

**दृष्टव्य :** सेवा आयोगबाट पहिलो पटक विज्ञापन गर्दा समायोजन भइ आएका विषयगत बाहेकका दरबन्दी अनुसारका सबै पदहरूमा सत प्रतिशत खुल्ला विज्ञापन गरिने छ । पाँच बर्ष सेवा अवधि पुगेका सहायक प्राध्यापकले उप प्राध्यापकमा, ७ बर्ष उप प्राध्यापकको सेवा अवधि पुगेकाले सह प्राध्यापकमा र पाँच बर्ष सह प्राध्यापकको अनुभव भएकाले प्राध्यापकको आन्तरिक प्रतियोगितामा सहभागी हुन पाउने छन ।

## परिच्छेद ३

## शिक्षक समायोजन सम्बन्धी व्यवस्था

५. आङ्गिक क्याम्पसको रूपमा समायोजन भएका क्याम्पसमा कार्यरत शिक्षकहरूलाई निम्नानुसार समायोजन गरिने छ :

(क) आङ्गिक क्याम्पसको रूपमा समायोजन हुनुअघि सम्बन्धित क्याम्पस सेवा आयोग वा पदपूर्ति समितिले लिखित परीक्षा लिइ उत्तीर्ण भइ स्थायी नियुक्ति लिएका देहाय बमोजिमका अनुभव र योग्यता पुगेका शिक्षकहरूलाई देहाय बमोजिमका पदहरूमा कार्यकारी परिषद्ले समायोजन गर्ने छ :

| कार्यरत पद (स्थायी) | शैक्षिक योग्यता | न्यूनतम शैक्षिक अनुभव | समायोजन गरिने पद |
|---|---|---|---|
| उप प्राध्यापक र सो भन्दा माथि | विद्यावारिधि | - | उप प्राध्यापक |
| उप प्राध्यापक र सो भन्दा माथि | स्नातकोत्तर तह द्वितिय श्रेणी वा सो भन्दा माथि | १० बर्ष वा सो भन्दा बढी | उप प्राध्यापक |
| उप प्राध्यापक, सहायक प्राध्यापक वा शिक्षण सहायक | स्नातकोत्तर तह द्वितिय श्रेणी वा सो भन्दा माथि | १० बर्षभन्दा कम | सहायक प्राध्यापक |

(ख) उपरोक्त बमोजिम समायोजन गर्दा संरक्षक समितिले स्वीकृत गरेको विश्वविद्यालयको दरबन्दीमा विश्वविद्यालयको आवश्यकता, निजको क्षमता एवम् जेष्ठताको आधारमा क्रमशः गरिने छ ।

(ग) उपदफा (क) बमोजिम लिखित परीक्षा उत्तीर्ण नभइ स्थायी नियुक्ति प्राप्त गरेका शिक्षकहरूलाई सोही उपदफा बमोजिमको शैक्षिक योग्यता र अनुभवका आधारमा यस कार्यविधिको दफा १५ बमोजिम मूल्याङ्कन गरी योग्यता सूची तयार गरी सेवा अवधिको जेष्ठताका आधारमा क्रमशः समायोजन गरिनेछ । तर विद्यालयमा स्थायी सेवामा रहेका शिक्षकलाई समायोजन गरिने छैन् ।

(घ) समायोजनमा परेका शिक्षकहरूमध्ये ५ बर्ष सेवा अवधि पुगेका विषयगत सहायक प्राध्यापक र ७ बर्ष सेवा अवधि पुगेका उप प्राध्यापकलाई पहिलो एक पटकका लागि ५० प्रतिशत दरवन्दीमा विशेष आन्तरिक प्रतियोगिता गराइ एक तह माथि पदोन्नतीको अवसर प्रदान गरिने छ ।

## परिच्छेद ४

## सिफारिससम्बन्धी प्रक्रिया

६. **सिफारिस सम्बन्धी कारबाही**

विश्वविद्यालय कार्यकारी परिषदले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पद, पदको सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कारबाही सुरु गर्नेछ र साधारणतया ६ महिना भित्रै सिफारिसको कारबाहीको टुङ्गो लगाइ सक्नेछ ।

७. **विज्ञापन र आवेदन फाराम**

(क) नियुक्तिको लागि सिफारिस गर्नु पर्ने शिक्षक र त्यसको किसिम तथा सङ्ख्या, सबै प्रकारको न्यूनतम योग्यता एवम् प्रतियोगिताको किसिमसमेत खुलाइ सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्रपत्रिकामासमेत प्रकाशित गर्ने छ ।

(ख) विज्ञापनबमोजिम आवेदन दिने म्याद पत्रिकामा छापिएको मितिदेखि कम्तीमा २१ (एक्काइस) दिन राखिने छ। त्यसपछि दोब्बर दस्तुर तिरेर थप ७ (सात) दिनसम्म आवेदन दिने म्याद कायम रहने छ तर यसरी दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको समेत आधार मानी उमेर, शैक्षिक योग्यता, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन।

(ग) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फाराम तोकिएको म्यादभित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ।

(घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारबाही गरिने छैन।

(ङ) शिक्षक, कर्मचारी पदहरूको लागि सेवा आयोगबाट यस कार्यविधिका आवश्यकताहरू पूर्ति हुने गरी आवेदन फारामहरू तोकिने छन्।

(च) सेवा आयोगले प्रतियोगिताको लागि आवेदकहरू मध्येबाट योग्य उम्मेदवारहरूको स्वीकृत नामावली प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ। साथै, प्रतियोगिता हुने मिति, समय र स्थानबारे प्रतियोगिता हुने दिनभन्दा घटीमा पनि १५ (पन्ध्र) दिन अगाडि राष्ट्रिय स्तरका पत्रिकामार्फत सूचना प्रकाशित गरिने छ।

(छ) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित सङ्लग्न कागजात फिर्ता गरिने छैन; तर आवेदन फारामसँगै दाखिला भएका अनुसन्धानात्मक र अन्य कृतिहरू नतिजा प्रकाशन पश्चात पुनरावेदनसम्बन्धी कारबाहीको टुङ्गो लागेपछि सम्बन्धित आवेदकलाई फिर्ता दिन सकिने छ। कृति फिर्ता दिन थालिएको समयदेखि एक महिनाभित्र आफ्ना कृतिहरू फिर्ता लगि सक्नु पर्नेछ।

(ज) सेवा आयोगद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने उम्मेदवारले आफूले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू सेवा आयोगबाट तोकिएको निकायबाट प्रमाणित गराएको प्रमाणपत्र अनिवार्य रूपले फारामसाथ सङ्लग्न गर्नु पर्नेछ।

## परिच्छेद ५
## प्रतियोगिताका प्रकार तथा अनुपात

८. **प्रतियोगिताको प्रकार** : सेवा आयोगले देहायमा उल्लेखित प्रतियोगिताका आधारमा शिक्षक तथ कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ।

**(क) खुल्ला प्रतियोगिता** : तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका वा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिलाई समेत सेवा आयोगले खुल्ला प्रतियोगितामा सामेल गराउने छ।

**(ख) आन्तरिक प्रतियोगिता** : (१) तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका स्थायी शिक्षकहरूलाई मात्र सेवा आयोगले आन्तरिक प्रतियोगितामा सम्मिलित गराउने छ। आन्तरिक प्रतियोगितामा सहभागी हुन शिक्षक तथा कर्मचारीले हाल आफू कार्यरत रहेको स्थायी पदभन्दा एकतह माथिको पदका लागिमात्र आवेदन दिन सकिनेछ। यस व्यवस्था अनुसार कार्यकारी परिषद/प्राज्ञिक परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक जो जुन विषयको पदमा कार्यरत रहेको छ सोही विषयको आफू कार्यरत पदभन्दा एक तह माथिको पदमा मात्र आवेदन दिन सकिने छ।

(२) विश्वविद्यालयमा समायोजन हुनु अगाडि आधार क्याम्पसहरूमा स्थायी भई कार्यरत समायोजनमा परेका बागमती प्रदेश विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी विनियम २०८२को विनियम १२८(ख) बमोजिमका शिक्षकहरूलाई कार्यकारी परिषदले सिफारिस गरे अनुरूप पहिलो एक पटकका लागिमात्र तोकिएको पदहरूमा स्थायी हुन विशेष आन्तरिक प्रतिष्पर्धामा सहभागी हुने अवसर प्रदान गरिने छ। विशेष आन्तरिक प्रतिष्पर्धामा आवेदन दिने उम्मेदवारहरूको सिफारिसको लागि कुल पूर्णाङ्क तथा अङ्क बिभाजन अनुसूची ४ मा दिए बमोजिम हुनेछ।

(३) बागमती प्रदेश विश्वविद्यालयको निर्णय बमोजिम आङ्गिक क्याम्पसको रूपमा समायोजन भई आउने क्याम्पसहरूमा पूर्णकालीन करार सेवामा कार्यरत शिक्षकका सम्बन्धमा यो कार्यविधि बमोजिम एक पटकका लागिमात्र ४० प्रतिशत दरबन्दीमा विशेष आन्तरिक प्रतियोगिता गराइ स्थायी हुने अवसर प्रदान गरिने छ। उक्त प्रतियोगिताको अङ्क विभाजन अनुसूची ४ मा दिए बमोजिम हुनेछ।

९. **न्यूनतम योग्यता तथा अयोग्यता** : प्रतियोगितामा आवेदन दिनको लागि न्यूनतम योग्यता तथा अयोग्यता अनुसूची १ मा उल्लेख भए अनुसार हुनेछ ।

१०. **खुल्ला प्रतियोगिताको लागि थप व्यवस्था :**

(क) खुल्ला प्रतियोगिता अन्तर्गत हुने प्रतियोगिता खुल्ला समावेशी आधारमा गरिने छ । यस व्यवस्थाअनुसार बागमती विश्वविद्यालय सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५ (पचपन्न) प्रतिशत पदमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला र बाँकी ४५ (पैतालिस) प्रतिशत पदमा विश्वविद्यालयको शिक्षक कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ विनियम ५ (२) बमोजिमका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिने छ ।

(ख) विज्ञापनका निमित्त आएका पदहरूका सम्बन्धमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ५५ (पचपन्न) प्रतिशत पद र तोकिएको समूह (महिला, आदिवासी, जनजाति, दलित, थारु, मधेशी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरू) बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने ४५ (पैतालिस) प्रतिशत पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलवपछि दुवै समूहमा बराबर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(ग) महिला, आदिवासी, जनजाति, दलित, थारु, मधेशी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रका उम्मेदवार बिचमात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्तिगर्न छुटयाएको ४५(पैतालिस) प्रतिशत पदलाई शत प्रतिशत मानी देहायबमोजिम वर्गीकृत उम्मेदवारबीच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहाय अनुसार पदपूर्ति गरिने छ ।

| | |
|---|---|
| क. महिला | ५० प्रतिशत |
| र बाँकी ५० लाई सत प्रतिशत मान्दा | |
| ख. आदिवासी, जनजाति | ५५ प्रतिशत |
| ग. दलित | १५ प्रतिशत |
| घ. थारु | ८ प्रतिशत |
| ङ. मधेसी | ७ प्रतिशत |
| च. अपाङ्गता भएको व्यक्ति | ५ प्रतिशत |
| छ. पिछडिएको क्षेत्र | ५ प्रतिशत |
| ज. अल्पसङ्ख्यक समुदाय | ५ प्रतिशत |
| जम्मा | १०० प्रतिशत |

**स्पष्टिकरण:**

(क) पिछडिएको क्षेत्र भन्नाले प्रदेश सरकारले हरेक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मानव विकास सूचाङ्कमा सबैभन्दा पछाडि परेका अन्तिमबाट क्रमश: पाँचवटा स्थानीय तह सम्झनु पर्छ ।

(घ) समावेशीतामा पर्ने हरेक वर्गीकृत समूहको पद सङ्ख्या निर्धारण गर्न सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिवासी र जनजाति, दलित, थारु, मधेशी, अपाङ्ग भएका तथा पिछडिएको क्षेत्र अल्पसङ्ख्यक मध्ये दशमलव पछि जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलव पछि, महिला सहित अन्य कुनै समूहमा बराबर अङ्क आएमा महिलालाई प्राथमिकता दिने । आदिवासी र जनजाति, दलित, थारु, मधेशी, अपाङगता भएका व्यक्ति प्राथमिकता क्षेत्र र अल्पसङ्ख्यकसमूहमा बराबर अङ्क आएमा आदिवासी र जनजातिलाई प्राथमिकता दिने । दलित, थारु, मधेशी, अपाङगता भएका व्यक्ति, पिछडिएका क्षेत्र तथा अल्पसङ्ख्यकमा बराबर अङ्क आएमा दलितलाई प्राथमिकता दिने । एवम् रितले बुँदा नं. १० (ग) बमोजिमकै क्रममा प्राथमिकता निर्धारण गरिने छ ।

(ङ) माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग बागमती सरकारले किटान गरेको अर्थ र प्रयोग अनुसूची २ अनुरूप हुनेछ ।

(च) मान्यता प्राप्त विश्वविद्यालय सेवा आयोगबाट लिखित परीक्षा उत्तीर्ण गरी सहायक प्राध्यापक, उपप्राध्यापक वा सह प्राध्यापक पदमा नियुक्त भई कार्यरत शिक्षकलाई सोही पदमा नियुक्ति हुन लिखित परीक्षामा सामेल हुन पर्ने छैन । यस्तै क्याम्पस सेवा आयोग वा छनोट समितिको लिखित परीक्षामा पास गरी कार्यरत आंगिक क्याम्पसको रूपमा

समायोजन हुन आउने सामुदायिक क्याम्पसमा कार्यरत उपप्राध्यापक र सो भन्दा मुनिका पदमा कार्यरत शिक्षकहरूलाई पनि सोही पदमा समायोजन हुन लिखित परीक्षामा सामेल हुन पर्ने छैन ।

## परिच्छेद ६

## (शिक्षक नियुक्ति)

### सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

११. **शिक्षक पदमा नियुक्तिको लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन :** यस कार्यविधिका अनुसूचीमा भएको व्यवस्थाको अधीनमा रहने गरी अङ्क विभाजन देहायबमोजिम हुनेछ । लिखित परीक्षा हुने प्रतियोगितामा लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्ताको सूचीमा नाम परेपछिमात्र अन्य आधारका अङ्क गणना हुने छन ।

(क) खुल्ला प्रतियोगिता अन्तर्गत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क:

| आधार | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायकप्राध्यापक |
|---|---|---|---|---|
| १. शैक्षिक योग्यता | ५० | ५० | ५० | ३० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ६५ | ४० | २५ | २५ |
| ३. शिक्षण सेवा अनुभव | २० | १५ | १० | १० |
| ४. लिखित परीक्षा | - | ३० | ५० | ७० |
| ५. अन्तरवार्ता | १५ | १५ | १५ | १५ |
| जम्मा | १५० | १५० | १५० | १५० |

(ख) आन्तरिक प्रतियोगिता अन्तर्गत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क:

| आधार | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक |
|---|---|---|---|
| १. शैक्षिक योग्यता | ५० | ५० | ५० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ५५ | ५५ | ५५ |
| ३. शिक्षण सेवा अनुभव | २० | २० | २० |
| ४. कार्यसम्पादन मूल्याङ्कन | १० | १० | १० |
| ५. लिखित परीक्षा | - | - | - |
| ६. अन्तरवार्ता | १५ | १५ | १५ |
| जम्मा | १५० | १५० | १५० |

(ग) विशेष आन्तरिक प्रतियोगिता अन्तर्गत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसका लागि निर्धारित पूर्णाङ्क :

| आधार | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक |
|---|---|---|---|
| १. शैक्षिक योग्यता | ५० | ५० | ३० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ५५ | ५५ | ४० |
| ३. शिक्षण सेवा अनुभव | २० | २० | १० |
| ४. कार्यसम्पादन मूल्याङ्कन | १० | १० | - |
| ५. अन्तरवार्ता | १५ | १५ | २० |
| जम्मा | १५० | १५० | १०० |

(ग) पूर्णाङ्क विभाजन सम्बन्धमा अन्य व्यवस्था :

शिक्षक पदमा नियुक्तिको लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूको देहायका सम्बन्धमा पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योग्यताका सम्बन्धमा अनुसूची ३ बमोजिम,

(ख) अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा अनुसूची ४ बमोजिम,

(ग) शिक्षण सेवा अनुभव सम्बन्धमा अनुसूची ५ बमोजिम,

(घ) लिखित परीक्षा सम्बन्धमा अनुसूची ६ बमोजिम,

(ङ) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा अनुसूची ७ बमोजिम,

(च) अन्तरवार्ता सम्बन्धमा अनुसूची ८ बमोजिम,

(छ) खुल्ला प्रतियोगिताको लिखित परीक्षाको पाठ्यक्रम सम्बन्धमा अनुसूची १० बमोजिम ।

## परिच्छेद ७
## सिफारिस

**१२. योग्यताक्रमको सूची तथा सिफारिससम्बन्धी व्यवस्था**

(क) उम्मेदवारहरूले विभिन्न आधार र शीर्षकमा प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यताक्रमको सूची तयार गरिने छ र तोकिएको दरबन्दीको आधारमा नतिजा प्रकाशन गरिने छ । सिफारिसमा परेका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिने छ ।

(ख) प्राध्यापक र सहप्राध्यापक पदको प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्क १५० मा देहायमा तोकिएभन्दा कम प्रतिशत अङ्क प्राप्तगरेका उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिस गरिने छैन ।

| प्रतियोगिताको प्रकार | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक |
|---|---|---|---|---|
| खुल्ला प्रतियोगिता | ७०% | ६०% | ५०% | ४०% |
| आन्तरिक प्रतियोगिता | ६०% | ५०% | ४०% | ४०% |
| विशेष आन्तरिक | — | ५०% | ४०% | ४०% |

सहायक प्राध्यापक र प्रशिक्षक पदका लागि न्यूनतम अङ्क ४०% कायम गरिएको छ ।

(ग) आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागे प्रत्येक उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्ने छ । यस्तो माग गर्ने व्यक्तिले आवेदन दस्तुरको पच्चिस प्रतिशत दस्तुर बुझाएको रसिद सहित नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र सेवा आयोगमा निवेदन दिनु पर्ने छ । निवेदन दिएको सामान्यतया सात दिनभित्र सेवा आयोगले यससम्बन्धी कामको किनारा लगाइ सक्नेछ ।

(घ) आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि सेवा आयोगबाट गरिएको सिफारिसउपर चित्त नबुझेमा बागमती प्रदेश विश्वविद्यालय शिक्षक कर्मचारी विनियम २०८१ बमोजिम बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगद्वारा सिफारिस गरिएको मितिले १५ (पन्ध्र) दिनभित्र बागमती प्रदेश विश्वविद्यालय संरक्षण समिति समक्ष उजुरी गर्न सकिने छ ।

(च) आन्तरिक पदोन्नतिका सिलसिलामा कुनै पनि कार्यरत शिक्षक तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

**१३. खुल्ला प्रतियोगिता अन्तर्गत उम्मेदवार सिफारिस गर्ने सम्बन्धमा थप व्यवस्था**

(क) खुल्ला प्रतियोगिता अन्तर्गत पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा खुल्लातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिने छ । त्यसपछि समावेशी समूह अन्तर्गत सर्वप्रथम अल्पसङ्ख्यक समुदाय क्षेत्रको नतिजा प्रकाशित गरिने र त्यसपछि क्रमशः पिछडिएको क्षेत्र अपाङ्गता भएको व्यक्ति, मधेशी, थारु, दलित, आदिवासी र जनजाति, र महिला वर्ग र समूहको नतिजा प्रकाशित गरिने छ । खुल्ला वा समावेशीतर्फको कुनै एक वर्ग र समूहमा नाम सिफारिस भएपछि अरु वर्ग र समूहबाट नाम स्वतः हटाइने छ ।

(ख) समावेशीतर्फ कुनै वर्गबाट उत्तीर्ण आवेदक नभएमा समावेशी वर्गमध्ये निकटतम उपल्लो वर्ग (Ascending order) को उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरिनेछ । यसरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको छनौट गर्दा सो वर्ग र समूहका निमित्त छुट्याइएको दरबन्दीमा कुनै असर पर्ने छैन ।

(ग) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तरवार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेस गरी पदपूर्ति गरिने छ ।

(घ) कुनै पदको लागि खुल्ला प्रतियोगितात्मक परीक्षा अनुसार सिफारिसमा पर्ने उम्मेदवारहरूको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका विज्ञापनमा उल्लेखित पद सङ्ख्याको प्राप्त भएसम्म बढीमा १५(पन्ध्र) प्रतिशतसम्म र घटीमा १ (एक) जनासम्म उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्न सकिने छ । तर वैकल्पिक सूचीमा परेका उम्मेदवारले प्राप्त गरेको अङ्क भने प्रकाशित गरिने छैन ।

(ङ) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रम अनुसार सिफारिस गरिने छ ।

(अ) सिफारिस गरिएको उम्मेदवारले नियुक्ति जारी भएको मितिले १५ दिनभित्र नियुक्ति नलिएमा, वा

(आ) नियुक्ति बुझेर पनि ३५ दिनभित्र तोकिएको स्थान वा कार्यालयमा हाजिर हुन नगएमा, वा

(इ) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई सिफारिस गरिएको मितिले एक वर्षभित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा,

(ई) माथि (अ), (आ), र (इ) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले मुख्य उम्मेदवारलाई सिफारिस गरेको मितिले एक वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(च) वैकल्पिक सूचीलाई आधार मानी विश्वविद्यालयले आवश्यकता परेमा एक वर्ष भित्र करारमा नियुक्ति गर्न सक्नेछ ।

## परिच्छेद ८

## करार नियुक्ति सम्बन्धमा

१४. बागमती प्रदेश विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ बमोजिम सेवा आयोगबाट सिफारिस भई नियुक्ति हुने पदहरूमा सेवा आयोगको कार्यविधि पूरा गरी पदपूर्ति नभएको अवस्थामा र करार तथा अस्थायी दरबन्दीमा नियुक्ति हुने पदहरूमा विश्वविद्यालय कार्यकारी परिषद्ले बढीमा एक वर्षसम्म करार सेवामा वा कोर्ष करारमा नियुक्ति दिई काममा लगाउन सक्नेछ । यसरी नियुक्ति भएको व्यक्तिको उक्त पदमा सेवा आयोगबाट सिफारिस भइ आएमा स्वत: पदावधीसमाप्त हुनेछ । उक्त पदमा सेवा आयोगबाट सिफारिस भइ नआउँदासम्म तोकिएको पदाधिकारीले निजको करारको म्याद ६/६ महिना गरी थप गर्न सक्नेछ ।

१५. करार सेवामा नियुक्त गर्दा विश्वविद्यालयले आवश्यक ठानेमा छनोट समिति गठन गर्न सक्नेछ । छनोट समितिले ७ दिनसम्मको समय दिइ आवेदन माग गर्न सक्नेछ । समितिले आवेदीत व्यक्तिहरूमध्येबाट देहायबमोजिमको आधारमा मूल्याङ्कन गरी योग्यता क्रम तोकी आवश्यक सङ्ख्यामा सिफारिस गर्नेछ । पूर्णाङ्क विभाजन अनुसूची १० बमोजिम हुनेछ ।

| आधार | सहप्राध्यापक | उपप्राध्यापक | सहायक प्राध्यापक | प्रशिक्षक |
|---|---|---|---|---|
| १. शैक्षिक योग्यता | ५० | ५० | ३० | २० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ४० | २५ | २५ | - |
| ३. कक्षा अवलोकन | २५ | २५ | २५ | २५ |
| ४. अन्तरवार्ता | १५ | १५ | १५ | १५ |
| जम्मा | १३० | ११५ | ९५ | ६० |

उमेदवारहरूको उत्तीर्णाङ्क सह प्राध्यापकको लागि ५० र अन्यको हकमा ४० प्रतिशत कायम गरिएको छ ।

## परिच्छेद ९

## विविध

१६. **परीक्षाको मर्यादा कायम गर्नु पर्ने** : प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएमा वा लिखित परीक्षा वा प्रयोगात्मक परीक्षा वा अन्तरवार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले निजको सो विज्ञापनमा परेको आवेदन फारम लगायतका सबै कुरा रद्द गरी त्यस्तो उम्मेदवारलाइ निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि (बढीमा पाँच बर्षसम्म) भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्ने छ ।

१७. **सिफारिस बदर हुने अवस्था**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वत: रद्द हुनेछ ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(ग) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फारम तथा सिफारिस भइ सकेको भए त्यस्तो सिफारिससमेत स्वत: रद्द हुनेछ ।

(घ) विश्वविद्यालयको स्वीकृति नलिई अन्यत्र काम गर्ने व्यक्ति ।

१८. **बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्था**

(क) खुल्ला प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा देहाय वमोजिम योग्यताक्रम सूची निर्धारण गरिने छ।

**(१) लिखित परीक्षा हुने प्रतियोगिता** : लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ। लिखित परीक्षामा प्राप्त अङ्क पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ। सो पनि बराबर भएमा अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्राप्त गरेको बढी अङ्कको आधारमा र सो पनि बराबर भएमा तोकिएको न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तहमा प्राप्त गरेको बढी प्रतिशतको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ।

**(२) अन्तरवार्तामात्र हुने प्रतियोगिता** : शैक्षिक योग्यता बापत प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ। शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त कूल अङ्कको आधारमा र सो पनि बराबर भएमा अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ।

(ख) आन्तरिक प्रतियोगिताका उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा दफा १८ (क) १ मा उल्लेख भए अनुसार हुने छ।

१९. **व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने व्यवस्था**

(क) यस शिक्षक नियुक्ति सिफारिस कार्यविधिमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरेबमोजिम हुनेछ।

(ख) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ।

## अनुसूची १

### न्यूनतम योग्यता तथा अयोग्यता

**१.१ प्रतियोगितामा सहभागी हुनको लागि न्यूनतम योग्यता**

(१) विश्वविद्यालयको उपप्राध्यापक वा सोभन्दा माथिको पदमा शिक्षण सेवामा आवेदन दिनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा पनि द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्नेछ। तर, सामाजिक विज्ञान (मानविकी) र विज्ञान तथा प्रविधिको गणितमा भने विज्ञान र मानविकीबाट गणितमा स्नातकोत्तर उपाधि प्राप्त उम्मेदवारले पनि आवेदन दिन पाउने छन। त्यसैगरी मानविकीबाट सम्बन्धित विषयमा स्नातकोत्तर र ३ बर्षे वा १ बर्षे बि.एड्. गरी शिक्षाशास्त्रको कार्यक्रम अन्तर्गत कार्यरत शिक्षकहरूले उप प्राध्यापक तहसम्म स्थायी सेवा प्रतिस्पर्धामा आवेदन दिन पाउने छन तर यस्ता शिक्षकहरूले उप प्राध्यापक स्थायी भएपश्चात शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर नभएसम्म बढुवाका लागि आवेदन दिन पाउने छैनन।

(२) विश्वविद्यालयको प्रशिक्षक पदमा शिक्षण सेवामा आवेदन दिनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा पनि द्वितीय श्रेणीमा स्नातक उपाधि प्राप्त गरेको हुनु पर्नेछ।

**१.२ प्रतियोगितामा सहभागि हुन नपाउने अवस्था**

**(१) खुल्ला प्रतियोगिताको लागि**

देहायको अवस्थामा कुनै पनि व्यक्ति खुल्ला प्रतियोगिताको लागि खोलिएको विज्ञापनमा उम्मेदवार हुन वा रहन पाउने छैन।

(क) गैर नेपाली नागरिक। तर विदेशी नागरिक शिक्षकका लागि यो बुंदा लागु हुने छैन। विदेशी नागरिक शिक्षकका लागि कोटा तोकी विज्ञापन गरिने छ।

(ख) प्रशिक्षक र उपप्राध्यापक पदको खुल्ला प्रतियोगितामा उम्मेदवार हुनको लागि २१ वर्ष पूरा नभएका र ४५ वर्ष पूरा भएका व्यक्ति। प्राध्यापक र सहप्राध्यापक पदको खुल्ला प्रतियोगितामा विश्वविद्यालयको स्थायी सेवामा नरहेका ५५ (पचपन्न) वर्ष नाघेका। तर मान्यता प्राप्त विश्वविद्यालयका कार्यरत पूर्णकालीन शिक्षक र बागमती प्रदेश विश्वविद्यालयमा स्थायी, अस्थायी, करार वा काज सेवामा रहेका पदाधिकारी र शिक्षकलाई उमेरको हद लाग्ने छैन।

(ग) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका व्यक्ति।

(ङ) निलम्बन फुकुवा नहुन्जेलसम्म निलम्बनमा परेका व्यक्ति।

(२) आन्तरिक प्रतियोगिताको लागि

देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि प्रतियोगितामा सामेल हुन पाउने छैन :

(क) निलम्बन भएको भए निलम्बन अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) ग्रेड वृद्धि रोक्का भएको भए सो भएको मितिले एक वर्षसम्म ।

(घ) हालको पदमा ३ पटकसम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले १ वर्षसम्म ।

(ङ) विषय परिवर्तन भएको भए सो परिवर्तन भएको मितिले १ वर्षसम्म ।

(च) नेपाल सरकार तथा अन्य कुनै सङ्घ संस्थाबाट निवृत्तिभरण प्राप्त गरिरहेको व्यक्ति ।

(छ) विश्वविद्यालयको स्वीकृति नलिई शिक्षण वा सरकारी र गैरसरकारी सङ्घसंस्थामा काम गर्ने व्यक्ति ।

## अनुसूची २

## समावेशीताका प्रकार तथा आधार

## (खुल्ला प्रतियोगिताको प्रयोजनको लागि)

समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ :

१. **आदिवासी र जनजातिका हकमा :** आदिवासी र जनजातिका हकमा नेपाल आदिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

२. **मधेसी/थारुका हकमा :** मधेसी/थारुका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी/थारु भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी/थारु भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

३. **दलितका हकमा :** दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्ने छ ।

४. **अपाङ्गता भएको व्यक्तिका हकमा :** अपाङ्गता भएको व्यक्तिका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा, साथै सो पत्रमा अपाङ्गताको किसिम समेत खुलेको हुनु पर्नेछ ।

५. **पिछडिएको क्षेत्रको हकमा:** पिछडिएको क्षेत्र भन्नाले प्रदेश सरकारले तोकेको पिछडिएको क्षेत्र भनि सम्झनु पर्दछ ।

## अनुसूची ३

## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

### ३.१ खुल्ला तथा आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ

**(क) प्राध्यापक, सहप्राध्यापक तथा उपप्रध्यापक पदका** लागि शैक्षिक योग्यताको पूर्णाङ्क ५० (पचास) यसै अनुसूचीको ३.४को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहायबमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर | २० | १८ | १६ |
| एम.फिल. | १० | ८ | ६ |
| बिद्यावारिधि | ३० | ३० | ३० |

द्रष्टव्य : प्रतिशत श्रेणी नखुलेको प्रतिशत प्रणालीको प्रमाणपत्रमा उल्लेखित अङ्कलाई ८० प्रतिशत माथिका बिशिष्ट, ६० प्रतिशत माथिका लागि प्रथम र ५० प्रतिशत माथिका लागि द्वितिय श्रेणीको अङ्क दिईने छ ।

- CGPA प्रणालीमा "A" को लाइन (+, – समेत) मा विशिष्ट, "B" को लाइनमा भए प्रथम, र "C" को लाइनमा भए द्वितिय श्रेणीको अङ्क दिईने छ ।

- एम.फिल. र विद्यावारिधि दुवै उत्तीण गर्नेको हकमा बिद्यावारिधिको मात्र अङ्क प्रदान गरिनेछ।

**ख) सहायक प्राध्यापक पद**को लागि शैक्षिक योग्यताको पूर्णाङ्क ३० यसै अनुसूची ३.४ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहायबमोजिम विभाजन हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर | २० | १८ | १६ |
| एम. फिल | १० | ८ | ६ |

- CGPA प्रणालीमा "A" को लाइन (+, – समेत) मा विशिष्ट, "B" को लाइनमा भए प्रथम, र "C" को लाइनमा भए द्धितिय श्रेणीको अङ्क दिईने छ।
- एम.फिल. र बिद्यावारिधि दुवै उत्तीण गर्नेको हकमा बिद्यावारिधिको मात्र अङ्क प्रदान गरिनेछ।

कम्तीमा सम्बन्धित विषयमा द्वितिय श्रेणीमा स्नातकोत्तर उत्तीण प्रशिक्षक पदमा कार्यरत समायोजनमा परेका शिक्षकहरूलाई सम्बन्धित बिषयको सहायक प्राध्यापक पदको आन्तरिक खुल्ला प्रतियोगितामा समावेश हुन दिईने छ।

**३.३ विशेष आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ**

**(क) सहप्राध्यापक तथा उपप्राध्यापक** पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ५० (पचास) यसै अनुसूचीको ३.४ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर | २० | १८ | १६ |
| एम.फिल. | १० | ८ | ६ |
| बिद्यावारिधि | ३० | ३० | ३० |

द्रष्टव्य : प्रतिशत श्रेणी नखुलेको प्रतिशत प्रणालीको प्रमाणपत्रमा उल्लेखित अङ्कलाई ८० प्रतिशत माथिका बिशिष्ट, ६० प्रतिशत माथिका लागि प्रथम र ५० प्रतिशत माथिका लागि द्वितिय श्रेणीको अङ्क दिईने छ।

- CGPA प्रणालीमा "A" को लाइन (+, – समेत) मा विशिष्ट, "B" को लाइनमा भए प्रथम, र "C" को लाइनमा भए द्धितिय श्रेणीको अङ्क दिईने छ।
- एम.फिल. र बिद्यावारिधि दुवै उत्तीण गर्नेको हकमा बिद्यावारिधिको मात्र अङ्क प्रदान गरिनेछ।

**ख) सहायक प्राध्यापक पद**को लागि शैक्षिक योग्यताको पूर्णाङ्क ३० यसै अनुसूची ३.४ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर | २० | १८ | १६ |
| एम.फिल, विद्याबारिधि | १० | ८ | ६ |

कम्तीमा सम्बन्धित विषयमा द्वितिय श्रेणीमा स्नातकोत्तर उत्तीण प्रशिक्षक पदमा कार्यरत समायोजनमा परेका शिक्षकहरूलाई सम्बन्धित विषयको सहायक प्राध्यापक पदको विशेष आन्तरिक खुल्ला प्रतियोगितामा समाबेश हुन दिईनेछ।

**३.४ शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था**

(क) शिक्षक पदमा आवेदन दिने उम्मेदवारले आफ्नो सम्पूर्ण शैक्षिक योग्यताको लागि यसै अनुसूचीमा उल्लेख भए बमोजिम अङ्क पाउने छ।

(ख) कम्पार्टमेण्टल परीक्षा उत्तीर्णगरी प्राप्त शैक्षिक योग्यता वा उपाधिको लागि तृतीय श्रेणीको अङ्क दिइने छ।

(ग) एक वा एकभन्दा बढी तह नाघी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारका लागि बीचका तहहरूको द्वितीय श्रेणीको अङ्क प्रदान गरिने छ। स्नातकपछि स्नातकोत्तर तह उत्तीर्ण नगरी सिधै सम्बन्धित विषयमा बिद्यावारिधि गर्नेहरूको हकमा स्नातकोत्तर तह र बिद्यावारिधि दुबै उपाधिको अङ्क प्रदान नगरी एक तहको मात्र अङ्क प्रदान गरिने छ। बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगमा अनुभव गणना गर्न र अङ्क दिने प्रयोजनको लागि मात्र उक्त बिद्यावारिधि उपाधि (स्नातकोत्तर तह उत्तीर्ण नगरी गरेको बिद्यावारिधि उपाधि) स्नातकोत्तर तहको अङ्क प्रदान गरी विद्याबारिधिको मात्र अङ्क प्रदान गरिने छ। स्नातकोत्तर तह उत्तीर्ण गरी बिद्यावारिधि गरेको अवस्थामा मात्र स्नातकोत्तर तह र बिद्यावारिधि दुबै उपाधिमा अङ्क प्रदान गरिनेछ।

(घ) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाइ द्वितीय श्रेणीको अङ्क दिइनेछ।

(ङ) अतिरिक्त उपाधिको हकमा यसै अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

(च) भिन्न विषयको समान तहको एकभन्दा बढी शैक्षिक योग्यता/उपाधि हासिल गरेको भए ती मध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइने छ।

(छ) विज्ञापन प्रकाशित हुनुभन्दा पहिलेको मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरूको अङ्क दिइने छैन ।

(ज) बागमती प्रदेश विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि ( श्रेणी वा ग्रेड समेत खुलेको) सम्बन्धित निकायबाट मान्यता भएको प्रमाणित प्रतिलिपि पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

(झ) विद्यावारिधि उपाधि र एम.फिल. उपाधि मध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइने छ । एम.फिल. उपाधिमा 'C' Grade भन्दा तलको Grade लाई अङ्क प्रदान गरिने छैन । सम्बन्धित विषयको विद्यावारिधि उपाधि र एम.फिल. उपाधिलाई मात्र अङ्क प्रदान गरिनेछ ।

(ञ) कुनै पनि भाषा र साहित्य विषयमा विद्यावारिधि गर्नेहरूको हकमा जुन भाषा र साहित्यका पदहरूमा आवेदन दिने हो सोही विषय र भाषामा शोधपत्र र शोधप्रबन्ध लेखी विद्यावारिधि गरेको अवस्थामा मात्र अङ्क प्रदान गरिनेछ ।

## अनुसूची ४

## अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

४.१ विभिन्न पदका लागि निर्धारित अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन यसै अनुसूचीको ४.२ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

**(क) खुल्ला प्रतियोगिताको लागि**

| शीर्षक | | प्राध्यापक | | सहप्राध्यापक | | उप प्राध्यापक | | सहायक प्राध्यापक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अ. | आ. | अ. | आ. | अ. | आ. | अ. | आ. |
| सम्बन्धित विषयको पाठयपुस्तक | | ३ | ९ | ३ | ६ | ३ | ३ | ३ | ३ |
| सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भग्रन्थ | | ५ | २० | ५ | १५ | ५ | ५ | - | - |
| सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन | | ४ | १६ | ४ | १२ | ४ | ८ | ४ | ४ |
| शोध निर्देशन, पिएच. डि. तह | | ५ | १० | ५ | ५ | - | - | - | - |
| स्नातकोत्तर तह | | १ | ५ | १ | ५ | १ | ३ | - | - |
| प्रकाशित लेख | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | ५ | ३० | ५ | २५ | ५ | १५ | ५ | १० |
| | विषयगत अनुसन्धानात्मकलेख | ३ | १८ | ३ | १८ | ३ | १२ | ३ | १५ |
| | विषयगत साधारण लेख | १ | ५ | १ | ५ | १ | ५ | १ | ५ |
| अधिकतम अङ्क | | ६५ | | ४० | | २५ | | २५ | |

द्रष्टव्य : 'अ' प्रति एकाइ बापतको अधिकतम अङ्क ।

'आ' यस महल अन्तर्गत अधिकतम आर्जन गर्न सकिने अङ्क ।

शोध निर्देशनबापत अधिकतम १० अङ्क मात्र आर्जन गर्न सकिने छ ।

पिएच.डी. शोध निर्देशन बापतको अङ्क निर्देशक, सह निर्देशक वा विशेषज्ञहरूलाई दामासाहीले प्रदान गरिने छ ।

**(ख) आन्तरिक प्रतियोगिताको लागि**

| शीर्षक | | प्राध्यापक | | सहप्राध्यापक | | उपप्राध्यापक | |
|---|---|---|---|---|---|---|---|
| | | अ. | आ. | अ. | आ. | अ. | आ. |
| सम्बन्धित विषयको पाठयपुस्तक | | ३ | ९ | ३ | ६ | ३ | ३ |
| सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भग्रन्थ | | ४ | १६ | ४ | १२ | ४ | ८ |
| सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन | | ४ | १६ | ४ | १२ | ४ | ८ |
| शोध निर्देशन, पिएच. डि. तह | | ५ | १० | ५ | ५ | - | - |
| स्नातकोत्तर तह | | १ | ५ | १ | ५ | १ | ३ |
| प्रकाशित लेख | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | ५ | ३० | ५ | १५ | ५ | १५ |
| | विषयगत अनुसन्धानात्मक लेख | ३ | १८ | ३ | १८ | ३ | १८ |
| | विषयगत साधारण लेख | १ | ५ | १ | ५ | १ | ५ |
| अधिकतम अङ्क | | ५५ | | ५५ | | ५५ | |

द्रष्टव्य : 'अ' प्रति एकाइ बापतको अधिकतम अङ्क ।

'आ' यस महल अन्तर्गत अधिकतम आर्जन गर्न सकिने अङ्क ।

शोध निर्देशनबापत अधिकतम १० अङ्क मात्र आर्जन गर्न सकिने छ ।

पिएच.डी. शोध निर्देशन बापतको अङ्क निर्देशक, सह निर्देशकलाई ५० प्रतिशत र अन्य वा विशेषज्ञहरूलाई ५० प्रतिशत दामासाहीले प्रदान गरिने छ ।

**(ग) विशेष आन्तरिक खुल्ला प्रतियोगिताको लागि**

| शीर्षक | | सहप्राध्यापक | | उपप्राध्यापक | | सहायक प्राध्यापक | |
|---|---|---|---|---|---|---|---|
| | | अ. | आ. | अ. | आ. | अ. | आ. |
| सम्बन्धित विषयको पाठयपुस्तक | | ३ | ६ | ३ | ६ | ३ | ३ |
| सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | | ५ | २० | ५ | १५ | - | - |
| सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन | | ४ | १६ | ४ | १२ | ४ | ८ |
| शोध निर्देशन, पिएच. डि. तह | | ५ | ५ | - | - | - | - |
| | स्नातकोत्तर तह | १ | ५ | १ | ५ | - | - |
| प्रकाशित लेख | विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | ५ | २५ | ५ | २० | ५ | १५ |
| | विषयगत अनुसन्धानात्मक लेख | ३ | २१ | ३ | २१ | ३ | २१ |
| | विषयगत साधारणलेख | १ | ५ | १ | ५ | १ | ५ |
| अधिकतम अङ्क | | ६० | | ६० | | ४० | |

द्रष्टव्य : अ प्रति एकाइ बापतको अधिकतम अङ्क ।

आ यस महल अन्तर्गत अधिकतम आर्जन गर्न सकिने अङ्क ।

शोध निर्देशन बापत अधिकतम १० अङ्क मात्र आर्जन गर्न सकिने छ ।

पिएच.डी. शोध निर्देशन बापतको अङ्क निर्देशकलाईलाई ५० प्रतिशत र सह निर्देशक वा विशेषज्ञहरूलाई ५० प्रतिशत दामासाहीले प्रदान गरिने छ ।

**४.२ अनुसन्धान तथा कृति प्रकाशनसम्बन्धी अन्य व्यवस्था**

१. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि बापतमात्र प्रदान गरिने छ । खुल्ला प्रतियोगिताको हकमा मान्यता प्राप्त विश्वविद्यालय सेवामा रहेका वा सेवा बाहिर रहेका व्यक्तिको लागि यो बन्देज लागु हुने छैन, तर मान्यता प्राप्त विश्वविद्यालय वा बागमती प्रदेश विश्वविद्यालयमा कार्यरत शिक्षकहरूले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा सेवामा प्रवेश गरेपछि प्रकाशन गरेका पुस्तक, लेख, प्रतिवेदन, कृति, अनुसन्धान कार्य आदि पेश गर्न सक्ने छन ।

२. समाचारपत्रहरूमा छापिएका लेख मूल्याङ्कन गरिने छैन साथै सम्पादन कार्य, अनुवाद कार्य र सङ्कलन कार्यमात्र भएका कृतिहरू एवम् एब्स्ट्रयाक्टको मूल्याङ्कन गरिने छैन ।

३. बहु लेखकको नाममा प्रकाशित लेख मूल्याङ्कन गर्दा प्रथम लेखकले १०० प्रतिशत, Coresponding Author ७५ प्रतिशत र अन्यलाई ५० प्रतिशत अङ्क दिइने छ ।

४. अन्तराष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (Sci Mago जर्नलको स्तरअनुसार) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।

५. Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper ३ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशित अङ्क प्रदान गरिनेछ ।

६. Review Papers (राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।

७. अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।

८. राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन ३ अङ्कका दरले PI भएमा पूर्णाङ्क (Full Marks) र Co PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।

९. अनुसन्धान सन्दर्भग्रन्थ प्रति पुस्तक ५ अङ्कका दरले, बहुलेखन भएमा दामासाहीले अङ्क प्रदान गरिनेछ ।

१०. पीएच.डी. (विद्यावारिधि) वा स्नातकोत्तर तहको शोधपत्र पुस्तकको रूपमा प्रकाशित भए सो पुस्तकको कुनै अङ्क दिइने छैन । विद्यावारिधि गरेका उम्मेदवारले आफ्नो शोध प्रबन्धको प्रमाणित प्रतिलिपिसमेत पेश गर्नु पर्नेछ ।

११. अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवा आयोगले प्राध्यापक तथा सहप्राध्यापक पदका लागि सम्बन्धित विषयका कम्तीमा तीन जना उपप्राध्यापक र सहायक प्राध्यापक पदका लागि कम्तीमा दुई जना विशेषज्ञहरू समावेश भएको कृति मूल्याङ्कन समिति गठन गरी सोही समितिबाट अनुसन्धान तथा कृति मूल्याङ्कन गराउने छ ।

१२. सम्बन्धित विषयमा विद्यावारिधि तहको शोध निर्देशन गरी सो शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको लागि तोकिएको दरले अङ्क प्रदान गरिनेछ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य बापत मात्र प्रदान गरिनेछ । खुल्ला प्रतियोगिताको हकमा भने मान्यता प्राप्त विश्वविद्यालयमा कार्यरत रहेका वा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिको लागि यो बन्देज लागु हुने छैन, तर मान्यता प्राप्त विश्वविद्यालय वा बागमती प्रदेश विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा सेवामा प्रवेश गरिसकेपछि गरेको सोध निर्देशन कार्य बापत मात्र अङ्क प्राप्त गर्ने छ । यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति (साल, महिना र गते) उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र पेश गर्नु पर्ने छ ।

१३. बागमती प्रदेश विश्वविद्यालयमा समायोजन भई आएका क्याम्पस,अन्य मान्यता प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पस र बागमती प्रदेश विश्वविद्यालयका आङ्गिक क्याम्पस/केन्द्रीय महाविद्यालयमा सम्बन्धित विषयका विद्यार्थीहरूको स्नातकोत्तर तहको शोध निर्देशन गरी सो शोध कार्य पूरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको लागि तोकिएको दरले तोकिएको पूर्णाङ्कसम्म अङ्क प्रदान गरिने छ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य बापत मात्र प्रदान गरिने छ । खुल्ला प्रतियोगिताको हकमा भने मान्यता प्राप्त विश्वविद्यालय सेवामा रहेका वा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिको लागि यो बन्देज लागु हुने छैन, तर मान्यता प्राप्त विश्वविद्यालय वा बागमती प्रदेश विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा विश्वविद्यालय सेवामा प्रवेश गरेपछि गरेको शोध निर्देशन कार्य बापतमात्र अङ्क प्राप्त गर्ने छ । यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भइ उपाधि प्रदान गरिएको मिति (साल, महिना र गते) उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र पेश गर्नु पर्नेछ । आन्तरिक प्रतियोगितामा बागमती प्रदेश विश्वविद्यालयका आङ्गिक क्याम्पस र केन्द्रीय महाविद्यालयमा सम्बन्धित विषयका विद्यार्थीहरूको मुख्य शोध निर्देशक भई स्नातकोत्तर तहको शोध निर्देशन गरेको भएमा मात्र शोध निर्देशन बापतको अङ्क प्राप्त गर्न सकिने छ ।

१४. विज्ञापन प्रकाशित भइ सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवम शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

१५. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तर्गत रहेरमात्र अङ्क प्रदान गरिने छ । आवेदकले माग गरेकोभन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

१६. सम्बन्धित विषयको पाठयपुस्तक अङ्कन गरिने न्यूनतम आधार

(क) पाठयक्रममा उल्लेखित विषय वस्तुको ढकाइ (Cover)

(ख) विषय वस्तुको गहिराइ

(ग) भाषा

(घ) तह अनुरूप विषयवस्तुको प्रस्तुतीकरण

(ङ) आवश्यक चार्ट, चित्र, तालिका आदि

द्रष्टव्य : पाठयपुस्तक भन्नाले स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रमका लागि उपयोगी सम्बन्धित विषयका पुस्तक सम्झनु पर्छ । बहुलेखन भएको पाठ्यपुस्तकको मूल्याङ्न गर्दा दामासाहीले अङ्क प्रदान गरिने छ ।

१७. सम्बन्धित विषयको अनुसन्धानात्मक = सन्दर्भ ग्रन्थ अङ्कन गरिने न्यूनतम आधार

(क) मौलिक खोजी वा अनुसन्धानमा आधारित,

(ख) सम्बन्धित विषयलाई योगदान पुग्ने,

(ग) विषयवस्तुको गहिराइ,

(घ) भाषा र प्रस्तुतीकरण,

(ङ) आवश्यक चार्ट, चित्र, तालिका आदि

द्रष्टव्य : सन्दर्भ ग्रन्थ भन्नाले स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यक्रमका लागि उपयोगी सम्बन्धित विषयका सन्दर्भ ग्रन्थ सम्झनु पर्छ । बहुलेखन भएको ग्रन्थको मूल्याङ्कन गर्दा दामासाहीले अङ्क प्रदान गरिने छ ।

१८. विषयगत अनुसन्धानात्मक प्रतिवेदन अङ्कन गरिने न्यूनतम् आधार

(क) विषयसँग सम्बन्धित,

(ख) उद्देश्य अनुरूप विषयवस्तुको सङ्गठन र प्रस्तुतीकरण,

(ग) अनुसन्धान विधिको स्पष्टता,

(घ) विश्लेषण र विवेचनाको गहनता

(ङ) निष्कर्ष वा प्राप्तिहरूमा आधारित सुझाव ।

द्रष्टव्य : विश्वविद्यालयका अनुसन्धान केन्द्र र केन्द्रिय कार्यालय अन्तर्गत कार्यरत शिक्षकहरूले अनुसन्धान बापत छुटयाएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्र र केन्द्रिय कार्यालय वा अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्ने छ ।

१९. अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख तथा विषयगत अनुसन्धानात्मक लेख अङ्कन गर्ने न्यूनतम आधार (क) शीर्षक र विषयको सम्बन्ध (ख) उद्देश्य अनुरूपको विषयवस्तुको सङ्गठन र प्रस्तुतीकरण (ग) अनुसन्धान विधिको प्रयोग (घ) विश्लेषण (ङ) मौलिकता

द्रष्टव्य : अध्ययनको पृष्ठभूमि वा परिचय वा सन्दर्भ, अध्ययन विधि वा अध्ययन प्रक्रिया र प्राप्तिहरू नभएको लेख यस अन्तर्गत अङ्कन गरिने छैन ।

२०. साधारण लेख अङ्कन गर्ने न्यूनतम आधार

(क) शीर्षक र विषयवस्तुको सम्बन्ध,

(ख) प्रस्तुतिकरण,

(ग) मौलिकता द्रष्टव्य : अनुसन्धानात्मक लेखलाई आवेदकले साधारण लेखका रूपमा पेश गरेमा उक्त लेखलाई साधारण लेखका रूपमा अङ्कन गरिने छ ।

२१. अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भइ स्वीकृत भएको भन्ने विवरणसहितको आधिकारिक सक्कल पत्र नै अनुसन्धान प्रतिवेदनमा सङ्लग्न भएको हुनु पर्नेछ । यस्तो आधिकारिक पत्र सङ्लग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन ।

२२. आवेदकले आवेदन फारामसँगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्ने छ । आवेदकले पेश गरेको अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची अन्तरवार्ताको सूचना प्रकाशित गरेपछि सबैको जानकारीका लागि सेवा आयोगको सूचना पाटीमा टाँस गरिने छ । उक्त सूची हेर्न चाहने इच्छुक उम्मेदवारले आयोगमा अनुरोध गरेमा आयोगले उक्त कृतिहरूको सूची हेर्न पाउने व्यवस्था मिलाउने छ ।

२३. कृति मूल्याङ्कन गर्ने प्रयोजनको लागि नेपालभित्र छापिएको वा प्रकाशित कुनै पनि जर्नल अन्तर्राष्ट्रिय जर्नलका रूपमा गणना गरिने छैन । नेपाल बाहिरबाट प्रकाशित जर्नलको सम्बन्धमा विषयगत अन्तर्राष्ट्रिय जर्नलको वर्गीकरणमा पर्ने वा नपर्ने भन्नेबारे सम्बन्धित विषयका विशेषज्ञहरू सम्मिलित कृति मूल्याङ्कन समितिले निर्णय गरे अनुसार हुने छ ।

२४. जर्नल/पत्रिकाको एक अङ्कबाट एक उम्मेदवारको एउटामात्र लेख मूल्याङ्कन हुने छ ।

२५. प्रश्नोत्तरका रूपमा तयार पारिएका वा गाइड वा गेस पेपरजस्ता कुनै पनि पुस्तकहरूलाई अङ्क दिइने छैन ।

२६. पुस्तकमा स्पष्ट रूपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण मिति उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरू मूल्याङ्कनमा पर्ने छैनन् । साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ ।

**आवेदन फाराम साथ बुझाउनु पर्ने अनुसन्धानात्मक र अन्य कृतिहरूको सूचीको ढाँचा**

आवेदित पद : आवेदकको नाम : विज्ञापन नं. :

**क. पाठयपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन**

| क्र.सं. | पुस्तकको नाम | प्रकार (पाठयपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन ) | प्रकाशकको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**ख.लेखहरू**

| क्र.सं. | लेखको शीर्षक | प्रकार (अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेख वा विषयगत अनुसन्धानात्मक लेख वा विषयगत साधारण लेख) | प्रत्रिकाको नाम | प्रकाशन वर्ष | प्रकाशकको नाम | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**ग.शोध निर्देशन**

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | स्नातकोत्तर वा पीएच.डी. | शोधपत्र पूरा गरेको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आवेदकको हस्ताक्षर :

## अनुसूची ५
## शिक्षण सेवा अनुभव बापतको अङ्क

**५.१ खुल्ला प्रतियोगिताको लागि**

खुल्ला प्रतियोगिता अन्तर्गत प्राध्यापक तथा सहप्राध्यापक शिक्षक पदको लागि अध्यापन अनुभव गणना गर्दा बागमती प्रदेश विश्वविद्यालयका केन्द्रीय क्याम्पस वा आङ्गिक क्याम्पस वा मान्यता प्राप्त विश्वविद्यालयको केन्द्रीय क्याम्पस, आङ्गिक क्याम्पस वा समायोजनमा आएका क्याम्पसमा समायोजन पूर्व पूर्णकालीन करार, अस्थायी, स्थायी वा काज सेवामा रही काम गरेका पदाधिकारी र सम्बन्धित विषयमा प्राध्यापनरत शिक्षकहरूलाई प्रत्येक पदका लागि निर्धारित अङ्कभन्दा नबढ्ने गरी प्रतिवर्ष १ (एक) अङ्कको दरले अङ्क दिइने छ । तर उपप्राध्यापक पदको लागि अध्यापन अनुभव गणना गर्दा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तहको र प्रशिक्षक पदको लागि अध्यापन अनुभव गणना गर्दा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा द्वितीय श्रेणीमा स्नातक तहको उपाधि प्राप्त गरी बागमती प्रदेश विश्वविद्यालयका केन्द्रीय क्याम्पस वा आङ्गिक क्याम्पस वा मान्यता प्राप्त विश्वविद्यालयको केन्द्रीय क्याम्पस, आङ्गिक क्याम्पस वा समायोजनमा आएका क्याम्पसमा समायोजन पूर्व पूर्णकालीन करार, अस्थायी, स्थायी वा काज सेवामा रही सम्बन्धित विषयमा प्राध्यापन गरेबापत निर्धारित अङ्कभन्दा नबढ्ने गरी प्रतिवर्ष एक अङ्कको दरले अङ्क दिइने छ । विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा पनि यही व्यवस्था अनुसारले अङ्क दिइने छ ।

### ५.२ आन्तरिक प्रतियोगिताको लागि

शिक्षण सेवा अनुभवबापतको निर्धारित पूर्णाङ्क यसै अनुसूचीको ५.४ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम बिभाजन हुनेछ :

| आवेदीत पद | आवेदित पद वा सोभन्दा एक तह मुनि काम गरे बापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | साविक पदभन्दा तल्ला पदहरूमा काम गरेबापत वर्ष आर्जन गर्ने अङ्क | प्राप्त गर्न सकिने अधिकतम् अङ्क |
|---|---|---|---|
| प्राध्यापक | २ | १ | २० |
| सहप्राध्यापक | २ | १ | २० |
| उप प्राध्यापक | २ | १ | २० |

### ५.३ विशेष आन्तरिक खुल्ला प्रतियोगिताको लागि

शिक्षण सेवा अनुभवबापतको निर्धारित पूर्णाङ्क यसै अनुसूचीको ५.४ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहायबमोजिम विभाजन हुनेछ :

| आवेदीत पद | आवेदित पदभन्दा एक तह मुनि काम गरेबापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | प्राध्यापक साविक पदभन्दा तल्ला पदहरूमा काम गरेबापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | प्राप्त गर्न सकिने अधिकतम अङ्क |
|---|---|---|---|
| सहप्राध्यापक | २ | १ | २० |
| उप प्राध्यापक | २ | १ | २० |
| सहायकप्राध्यापक | २ | १ | १० |

### ५.४ आन्तरिक प्रतियोगिताको लागि शिक्षण सेवा अनुभव सम्बन्धमा थप अन्य व्यवस्था

१. सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिको लागि अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई गणना गरिने छ । यसरी गणना गर्दा उम्मेदवार आफू बहाल रहेको पद र सोभन्दा तल्लो पदहरूमा काम गरेको अवधिको अलग अलग हिसाब गरी अङ्क दिइने छ । महिनापछि शेष आउने दिनहरूको गणना हुने छैन । एक महिनालाई १ बर्षको १२ भागको एकभाग अङ्क दिइने छ ।

२. विश्वविद्यालय बाहिर बेतलबी काजमा गएका शिक्षकको हकमा सेवा अनुभवको अङ्क दिने प्रयोजनका लागि समेत गणना गरिने छ । तर असाधारण (बेतलबी बिदा) को हकमा भने अङ्क दिइने छैन ।

३. अङ्क दिने प्रयोजनका निमित्त सेवा अवधि गणना गर्दा बागमती प्रदेश विश्वविद्यालय वा समायोजन भई आएका क्याम्पसहरूको शिक्षण सेवामा रही अटुट रूपमा गरेको स्थायी, अस्थायी, वा पूर्णकालीन करार सेवा अवधि गणना गरिने छ । बागमती प्रदेश विश्वविद्यालयले खटाएको वा बागमती प्रदेश विश्वविद्यालयको पूर्वस्वीकृति लिई अन्य मान्यता प्राप्त विश्वविद्यालयमा गरेको अध्यापन र अनुसन्धान अवधि पनि गणना गरिने छ । विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिसम्मको अवधिमात्र अङ्क दिने प्रयोजनका लागि गणना गरिने छ ।

४. **(क)** सहायक प्राध्यापक तथा उपप्राध्यापक पद र सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिइने प्रयोजनका लागि अनुभव गणना गर्दा विश्वविद्यालयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्णकालीन करार, अस्थायी, वा स्थायी सेवामा रही गरेको शिक्षण अनुभवदेखि मात्र अङ्क दिइने छ ।

**(ख)** प्रशिक्षक पदको अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा स्नातक तह कम्तिमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेपछि गरेको शिक्षण अनुभवदेखि मात्र अङ्क दिइनेछ ।

५. **(क)** विद्यावारिधि उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिए अनुसारको अध्ययन पूरा नगरी फर्कने बागमती प्रदेश विश्वविद्यालयका शिक्षक वा अन्य कुनै पनि उमेदवारले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगबाट प्रकाशित विज्ञापनमा नियुक्ति वा पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभव बापतको अङ्क दिने प्रयोजनका लागि मात्र सो अध्ययन बिदाको अवधि गणना गरिने छैन । समायोजन भई बागमती प्रदेश विश्वविद्यालयमा आएका शिक्षकहरूको लागि साविकको विश्वविद्यालय वा क्याम्पसबाट अध्ययन बिदामा वसी अध्ययन पूरा नगरेकाको लागि समेत यो नियम लागु हुनेछ ।

**(ख)** माथि ५ (क) को कार्यान्वयनका सन्दर्भमा विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको समयसम्म अध्ययन पूरा नभए पनि अन्तरवार्ताको दिनभन्दा अगाडिसम्म अध्ययन पूरा गरी उपाधि प्राप्त गरेको वा परीक्षा उत्तीर्ण गरेको प्रमाण पेश गरेमा यो बन्देज (अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभवबापतको अङ्क दिन लगाइएको बन्देज) हटाइने छ । तर विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको समयसम्म पूरा नभएको शैक्षिक उपाधिको अङ्क भने दिइने छैन ।

(ग) देहायबमोजिमको अवस्थामा भने यो बन्देज (अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभवबापतको अङ्क दिन लगाइएको बन्देज) लागु हुने छैन ।

(अ) आवेदन दिने समयसम्म स्वीकृत अध्ययन बिदा समाप्त भै नसकेको अवस्थामा ।

(आ) विद्यावारिधि शोधार्थीहरूको हकमा विज्ञापन प्रकाशित हुनुभन्दा पहिले नै शोधप्रवन्ध बाह्य मूल्याङ्कनको लागि सम्बन्धित विशेषज्ञकोमा पुगी मौखिक परीक्षामात्र हुन बाँकी रहेको अवस्थामा ।

(इ) अन्य (एम.ए., एम.फिल.) को हकमा विज्ञापन प्रकाशित हुनुभन्दा अगाडीको मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगी नसकेको अवस्थामा यो बन्देज लागु हुने छैन । विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक बर्ष पुगीसकेको अवस्थामा भने अध्ययन बिदामा रही अध्ययन गरेको तहको परीक्षा (शोधपत्र समेत) उत्तीर्ण गरेको प्रमाण नै पेश गर्नु पर्नेछ ।

## अनुसूची ६

## लिखित परीक्षा

१. खुल्ला प्रतियोगिताको माध्यमद्वारा प्राध्यापकभन्दा मुनिको शिक्षक पदहरूमा नियुक्तिको लागि सिफारिस गर्न लिखित परीक्षा लिइने छ ।

२. सहप्राध्यापक पदको लिखित परीक्षा लिनका लागि ३० पूर्णाङ्कको एउटा पत्र निर्धारण गरिने छ र लिखित परीक्षाको समय १:३० घण्टा (९० मिनेट) हुनेछ । उपप्राध्यापक पदको लिखित परीक्षा लिनका लागि २५/२५ पूर्णाङ्का दुई खण्डहरू भएको पूर्णाङ्क ५० निर्धारण गरिने छ । सहायक प्राध्यापकका लागि ३५/३५ पूर्णाङ्का दुई खण्डहरू भएको पूर्णाङ्क ७० निर्धारण गरिने छ । लिखित परीक्षाको समय प्रत्येक खण्डका लागि १ घण्टा हुनेछ । लिखित परीक्षाको पाठ्यक्रम अनुसूची ९ मा दिइएको छ ।

३. खुल्ला र समावेशीतर्फको समान विषयको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रबाट लिइने छ । खुल्ला र समावेशीतर्फको समान विषयका जतिसुकै वर्गमा आवेदन दिए पनि लिखित परीक्षा भने एक पटक मात्र दिनु पर्नेछ ।

४. सहायक प्राध्यापक र उपप्राध्यापक पदको लागि लिइएको लिखित परीक्षाका दुबै पत्रका उत्तर पुस्तिकाहरू यथासम्भव अलग अलग विशेषज्ञकामा मूल्याङ्कनार्थ पठाइने छ र दुबै उत्तरपुस्तिकाबाट प्राप्ताङ्क जोडी कूल प्राप्ताङ्क कायम गरेर लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको योग्यताक्रम निर्धारण गरिनेछ ।

५. लिखित परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।

६. लिखित परीक्षामा उम्मेदवारले प्राप्त गरेको बढी (कूल) प्राप्ताङ्कको आधारमा नामको वर्णानुक्रम वा परीक्षा रोल नम्बर अनुसार सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिने छ । अन्तरवार्ताका लागि योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा सङ्ख्या उपलब्ध भएसम्म न्यूनतम ५ जना र अधिकतम रिक्त दरबन्दीको निम्नअनुसार प्रतिशत थप गरेर प्रकाशित गरिने छ । प्रतिशत थप गर्दा सङ्ख्या दशमलवमा आएमा माथिल्लो पूर्ण अङ्क लिइने छ ।

| रिक्त पद सङ्ख्या | प्रतिशत थप उम्मेदवार |
|---|---|
| ३ देखि ८ भएमा | ७५ प्रतिशत |
| ९ वा सोभन्दा बढी जतिसुकै भएमा | ५० प्रतिशत |

७. अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्ये माथि (६) मा व्यवस्था भए अनुरूपको सङ्ख्यामा उम्मेदवारहरूका छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एकभन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने माथि (६) मा जेसुकै भनिएको भए तापनि योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क समान भएका सबै उम्मेदवारहरूलाई लिखित परीक्षाको नतिजामा सामेल गरी अन्तरवार्ताका लागि सामेल गरिने छ ।

८. विभिन्न विषय वा पदका लागि एउटै समयमा भएको भिन्नाभिन्नै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न विषयको सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापक पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेका मध्ये जति जना उम्मेदवारहरूको नाम त्यसपछि हुने अर्को विषयको नतिजामा समावेश छ त्यतिकै सङ्ख्यामा थप उम्मेदवारको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर माथि (७) मा व्यवस्था भएअनुरूप पहिले नै यस उपदफामा भएको व्यवस्था अनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको नाम थप भइसकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

९. समावेशीसमेत आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै विषयको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुल्ला समूहका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः पिछडिएको क्षेत्र,

अपाङ्ग, दलित, थारु, मधेशी, आदिवासी र जनजाति र अन्त्यमा महिला वर्ग र समूहका उम्मेदवारहरूको नामावली माथि (८) मा भएको व्यवस्थाअनुसार नाम थप गरेर प्रकाशित गरिने छ।

## अनुसूची ७

## कार्यसम्पादन मूल्याङ्कन

१. उम्मेदवार भएको शिक्षकको पछिल्लो एक वर्षको प्रथम कार्यसम्पादन मूल्याङ्कन यसै अनुसूचीको बुँदा नं.६ मा उल्लेख भएबमोजिमको फारममा निज कार्यरत रहेको सङ्कायको डीनले, अनुसन्धान केन्द्रहरूको हकमा कार्यकारी निर्देशक र अन्य निकायहरूमा कार्यरत शिक्षकहरूको हकमा सम्बन्धित निकाय प्रमुखले गर्ने छन। तर कुनै शिक्षक विश्वविद्यालय बाहिर काजमा रहेको भए काज रहेको कार्यालयको सम्बन्धित प्रमुखको लिखित राय वा मूल्याङ्कनको आधारमा उपाध्यक्षबाट निजको कार्य सम्पादन मूल्याङ्कन गरिने छ। तर कुनै प्रतियोगितामा सङ्काय डीन वा निकायका प्रमुख आफै उम्मेदवार भएको खण्डमा सो क्याम्पस वा निकायका सम्बन्धित शिक्षकको मूल्याङ्कन उपाध्यक्षबाट गराउनु पर्नेछ।

२. शिक्षकको दोस्रो चरणको कार्यसम्पादन मूल्याङ्कन उपाध्यक्षबाट हुनेछ।

३. माथि जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो प्रथम चरणको कार्यसम्पादन मूल्याङ्कन र दोस्रो चरणको मूल्याङ्कन वा पुनरावलोकन आफैबाट हुने छैन।

४. हरेक शिक्षकले सेवा आयोगबाट तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत तथा प्राज्ञिक विवरण भरी तोकिएको अधिकारी समक्ष कार्यसम्पादन मूल्याङ्कनार्थ बुझाउनु पर्नेछ। सम्बन्धित अधिकारीले निज शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी गोप्य सिलबन्दी गरेर सेवा आयोगमा पठाउनु पर्नेछ। सम्बन्धित शिक्षकको हातमा सो कार्यसम्पादन मूल्याङ्कन फाराम दिनु हुँदैन; अन्यथा यसै अनुसूचीको बुँदा नं ५ अनुसार अङ्क प्रदान गरिने छ।

५. कार्यसम्पादन मूल्याङ्कन सेवा आयोगले तोकेको मितिभित्र प्राप्त नभए ४ (चार) अङ्क प्रदान गरिने छ तर तोकिएको पदाधिकारीबाहेक अन्य पदाधिकारीबाट कार्य सम्पादन मूल्याङ्कन गराइएको पाइएमा ० (शून्य) अङ्क प्रदान गरिने छ। यस्तो मूल्याङ्कनमा दोस्रो चरणको मूल्याङ्कनको व्यवस्था हुने छैन।

६. कार्यसम्पादन मूल्याङ्कन फाराम देहाय अनुसार हुनेछ :

### कार्यसम्पादन मूल्याङ्कन फाराम

**१. व्यक्तिगत विवरण :**

शिक्षकको नाम : ........................... आवेदित पद : ................ विज्ञापन नं. : ................

हालको पद : .................................. विषय : ................................

हालको पदमा नियुक्ति भएको मिति :

सुरु नियुक्ति मिति : .....................................................

(क) स्थायी (ख) अस्थायी (ग) करार

बागमती वि.वि./मान्यताप्राप्त विश्वविद्यालयमा सेवारत जम्मा अवधि : .....वर्ष ........ महिना

हालको पदमा सेवारत जम्मा अवधि : .................. वर्ष ...................... महिना

हाल कार्यरत क्याम्पस र निकाय : ...............................................................

समायोजनमा परेर विश्वविद्यालयमा प्रवेश गरेको भए सोको स्थायी, अस्थायी र करार आदिमा नियुक्ति भएको प्रमाण पनि पेश गर्नु पर्नेछ।

**२. प्राध्यापन गरेका विषय :** .................................

तह : ............................... शैक्षिक भार : .....................................

३. शैक्षिक, प्राज्ञिक वा प्रशासनिक कार्यमा पुऱ्याएको योगदानबारे विस्तृत विवरण

(क)

(ख)

४. आफुले गरेका कार्यहरूको स्वमूल्याङ्कन गर्ने

उत्कृष्ठ ☐ राम्रो ☐ सन्तोषजनक ☐ त्यति राम्रो गर्न सकिन ☐

५. अन्य कुनै विशेष उल्लेखनीय कुरा भए यहाँ उल्लेख गर्ने

शिक्षकको हस्ताक्षर: ....................................................... मिति: .................

शिक्षकहरूले यहाँसम्मको विवरण आफैं भरी आफनो व्यक्तिगत विवरणसहित कार्यसम्पादन मूल्याङ्कन फाराम आफनो निकाय प्रमुखकामा प्रस्तुत गर्नु पर्नेछ र निकाय प्रमुखले शिक्षकहरूको कार्यसम्पादनको मूल्याङ्कन देहायअनुसार गर्नेछ:

१. मूल्याङ्कनकर्ताले तल उल्लेखित श्रेणीमा एउटामात्र कोठामा रेजा (√) चिन्ह लगाई मूल्याङ्कन गर्न अनिवार्य हुनेछ।

२. उत्कृष्ट वा सन्तोषजनक वा ठीकै श्रेणीबाट मूल्याङ्कन गर्दा विशेष कारण जनाउनु पर्ने छ।

३. विशेष कारण नजनाई उत्कृष्ट श्रेणीबाट मूल्याङ्कन भएको रहेछ भने ६ (छ) अङ्क र सन्तोषजनक वा ठीकै श्रेणीबाट मूल्याङ्कन भएको रहेछ भने ४ (चार) अङ्क प्रदान गरिनेछ।

| श्रेणी | पूर्णाङ्क | मूल्याङ्कन |
|---|---|---|
| १. उत्कृष्ट | ८ | |
| २. ज्यादै राम्रो | ६ | |
| ३. राम्रो | ४ | |
| ४. सन्तोषजनक | २ | |
| ५. ठीकै | १ | |

विशेष कारण जनाउने :

...................................................................................................................................................................

मूल्याङ्कनकर्ता र निकाय प्रमुखको सही:

नाम :                                निकायको छाप :

निकाय :

मिति :

दोस्रो चरणको मूल्याङ्कन अङ्क : .................. अक्षरमा : ............................

विशेष कारण भए यहाँ उल्लेख गर्ने :

मूल्याङ्कनकर्ताको सही :

पद :

मिति : ............

द्रष्टव्य :

१. प्रथम र दोस्रो मूल्याङ्कनको औसत कायम गरी अन्तिम अङ्क गणना गरिने छ।

२. कुनै अङ्क नलेखी पुनरावलोकन कर्ताले सहीमात्र गरेको रहेछ भने मूल्याङ्कनकर्ताले दिएको अङ्कलाई सदर गरेको मानिने छ।

३. पुनरावलोकन कर्ताले उत्कृष्ट अथवा सन्तोषजनक वा ठीकै श्रेणी अनुरूपको अङ्क दिएको खण्डमा विशेष कारण जनाउनु पर्नेछ।

४. विशेष कारण नजनाई उत्कृष्ट श्रेणीबाट पुनरावलोकन भएको रहेछ भने ६ (छ) अङ्क र सन्तोषजनक/ठीकै श्रेणीबाट पुनरावलोकन भएको रहेछ भने ४(चार) अङ्क प्रदान गरिने छ।

५. यो मूल्याङ्कन फाराम भर्दा ठाउँ अपुग भए छुट्टै पाना प्रयोग गर्न सकिने छ।

६. निकाय प्रमुखको अनुपस्थितिमा नियमानुसार अख्तियारवालाबाट कायममुकायम वा निमित्त भई काम गर्न तोकिएका पदाधिकारीले गरेको मूल्याङ्कन निकाय प्रमुखले गरेसरह मान्य हुने छ ; तर सहायक डीन, सहायक निर्देशक आदिको हैसियतबाट गरिएको मूल्याङ्कन तोकिएको पदाधिकारीबाहेक अन्य पदाधिकारीले गरेको मूल्याङ्कनका रूपमा गणना हुनेछ।

## अनुसूची ८

## अन्तरवार्ता

१. सेवा आयोगको विज्ञापनबमोजिम प्रतियोगिता हुने सबै शिक्षक पदहरूको लागि अन्तर्वार्ता हुनेछ।

२. अन्तरवार्तासम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा घटीमा ७ दिन अगाडि राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरिने छ।

३. खुल्ला र समावेशीतर्फका समान विषय तथा पदका जतिसुकै वर्ग र समूहमा आवेदन दिए पनि अन्तरवार्ता भने एकपटक मात्र दिनु पर्ने छ।

४. प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापक पदको अन्तरवार्ताका लागि निर्धारित १५ अङ्कको विभाजन देहायबमोजिम हुनेछ :

| पद | विज्ञहरूको सङ्ख्या (न्यूनतम) | | | अन्तरवार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|---|---|
| | बाह्य | आन्तरिक | जम्मा | सेवा आयोगका/ अध्यक्ष र सदस्यहरू | विशेषज्ञहरू | जम्मा |
| १. प्राध्यापक खुल्ला तथा आन्तरिक | १ | २ | ३ | ३ | १२ | १५ |
| २. सहप्राध्यापक खुल्ला तथा आन्तरिक | १ | २ | ३ | ३ | १२ | १५ |
| ३. उपप्राध्यापक सबै प्रकार | - | २ | २ | ३ | १२ | १५ |
| ४. सहायक प्राध्यापक | - | २ | २ | ३ | १२ | १५ |

**५. विशेषज्ञसम्बन्धी व्यवस्था**

(क) सहायक प्राध्यापक, उपप्राध्यापक पदका लागि प्राध्यापक वा सहप्राध्यापक वा सो सरहका विषय विज्ञ र प्राध्यापक वा सहप्राध्यापक पदहरूका लागि प्राध्यापक वा सो सरहका विषय विज्ञमात्र विशेषज्ञ बन्न सक्ने छन ।

(ख) आन्तरिक र बाह्य विशेषज्ञहरू रोष्टरमा रहेका मध्येबाट सेवा आयोगले तोकेअनुसार हुनेछ । त्यस्तै, सेवा आयोगबाट अन्तरवार्ताका लागि बाह्य विशेषज्ञ तोक्दा विश्वविद्यालयका प्राध्यापक उपलब्ध हुन नसकेको अवस्थामा अन्य क्षेत्रका सम्बन्धित विषयका विज्ञहरू मध्येबाट छनोट गर्न सकिने छ ।

(ग) अन्तर्वार्ताका लागि बस्ने विशेषज्ञहरू कृति मूल्याङ्कन गर्ने विज्ञहरूभन्दा फरक हुने छन ।

(घ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित डीन तथा विषय समितिका अध्यक्ष आफै उम्मेदवार भएको विषय र पदको लागि विशेषज्ञ वा मूल्याङ्कनकर्ता हुन पाउने छैनन ।

(ङ) अन्तरवार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूको पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, धर्मपुत्र र धर्मपुत्री, नाति-नातिना, बाबु-आमा वा सौतेनी आमा, सहोदर दाजुभाइ र निजका पत्नी एवम् उनीहरूका छोराछोरीहरू, सहोदर दिदीबहिनी र निजका पति एवम् उनीहरूका छोराछोरी तथा सासू-ससुरा र उनीहरूका छोरा-बुहारी एवम् छोरी-ज्वाइँ मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियुक्त हुन सक्ने छैनन ।

(च) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको अन्तरवार्ताको प्राप्ताङ्क हुनेछ ।

(छ) प्राध्यापक वा सहप्राध्यापक पदका उम्मेदवारहरूको अन्तरवार्ताको हकमा सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले अन्तरवार्ताको पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिइएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिने छ । साथै आयोगका अध्यक्ष, सदस्यहरू वा कुनै विज्ञबाट कारण खोलेर पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी वा ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरूसमेत गरी अन्तर्वार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुने छ । अन्यथा तोकिएकै अधिकतम वा न्यूनतम अङ्क मात्र गणना गरिने छ ।

(ज) सहायक प्राध्यापक र उपप्राध्यापक पदका उम्मेदवारहरूको अन्तरवार्ताको हकमा सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले अन्तरवार्ताको पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिइएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिने छ । साथै आयोगका अध्यक्ष, सदस्यहरू वा कुनै विज्ञबाट कारण खोलेर पूर्णाङ्कको ७५ प्रतिशतभन्दा बढी वा ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरूसमेत गरी अन्तर्वार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुने छ । अन्यथा तोकिएकै अधिकतम वा न्यूनतम अङ्कमात्र गणना गरिने छ ।

(झ) अन्तरवार्तामा अन्तरवार्ताको पूर्णाङ्कको ४० प्रतिशतभन्दा कम अङ्क प्राप्तगरेका उम्मेदवारको सिफारिस हुने छैन ।

## अनुसूची ९

### करार शिक्षक नियुक्ति पूर्णाङ्क विभाजन

(क) सहायक प्राध्यापक, उप प्राध्यापक र सह प्राध्यापकको शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन र अन्तर्वार्ताको अङ्क विभाजन सोही पदमा खुला प्रतियोगिताको पूर्णाङ्क विभाजनबमोजिम (अनुसूची ६) हुनेछ ।

(ख) कक्षा अवलोकन पूर्णाङ्क विभाजन

| आधार | पूर्णाङ्क |
|---|---|
| विषयवस्तुको ज्ञान | ७ |
| शिक्षण विधि | ८ |
| प्रस्तुतिकरण | ५ |
| विद्यार्थी सहभागिता | ५ |
| जम्मा | २५ |

अनुसूची १०

खुल्ला प्रतियोगिताको लिखित परीक्षाको पाठ्यक्रम

सहायक प्राध्यापक र उपप्राध्यापक पदको लागि

**खण्ड क**

**१. सम्बन्धित विषयको ज्ञान**

बागमती प्रदेश विश्वविद्यालयको स्नातकोत्तर तह (स्नातकोत्तर तह नभएको तहको कार्यक्रम नभएको विषयमा स्नातक तह) को हाल प्रचलित सम्बन्धित विषयको पाठयक्रम तथा विषयगत नवीन प्रवृत्ति (New Trend) लाई मुख्य आधार मानेर १० अङ्कका एक प्रश्न र ५-५ अङ्कका अन्य प्रश्नहरू गरी ५० प्रतिशत अङ्कभार रहने गरी प्रश्नहरू रहने छन् ।

**खण्ड ख**

**२. सम्बन्धित पाठयक्रमसम्बन्धी ज्ञान**

बागमती प्रदेश विश्वविद्यालयको हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठयक्रमका संरचना, तुलना, कमीकमजोरीहरू, सुधारका उपायहरू जस्ता क्षेत्रहरूबाट १० प्रतिशत कायम रहने गरी एक प्रश्न रहने छन् ।

**३. शिक्षण विधि र अनुसन्धान विधि**

शिक्षण विधिहरूको ज्ञान, यसको उपयोगिता र आफ्नो विषय र क्षेत्रमा यसको प्रयोग जस्ता क्षेत्रहरूबाट ५ अङ्कको एक प्रश्न र अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्वकार्यको समीक्षा, तथ्याङ्क सङ्कलन, नमुना छनौट, विश्लेषण तथा आफ्नो विषय र क्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्था जस्ता क्षेत्रहरूबाट १० प्रतिशत अङ्कभार कायम गरी १ प्रश्न रहने छन् ।

**४. विषयगत समस्या र समाधान**

आफ्नो विषयसँग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सो समस्याको समाधान गर्ने उपायहरूको सम्बन्धमा १० अङ्कको एक प्रश्न वा २० प्रतिशत अङ्कभार रहने गरी १ प्रश्न रहने छन् ।

**५. बागमती प्रदेश विश्वविद्यालयसम्बन्धी ज्ञान**

बागमती प्रदेश विश्वविद्यालयको सङ्गठनात्मक स्वरूप, बागमती प्रदेश विश्वविद्यालय संरक्षण समिति, प्राज्ञिक परिषद, कार्यकारी परिषद् र विषय समितिको गठन र काम कर्तव्य, सेवा आयोगका अध्यक्ष, विश्वविद्यालय उपाध्यक्ष, सेवा आयोगका सदस्य, एवम् डीनहरूको नियुक्ति प्रक्रिया र काम कर्तव्य तथा शिक्षकहरूको सेवा शर्त र सुविधासम्बन्धी क्षेत्रबाट १० प्रतिशत अङ्कभार रहने १ प्रश्न रहने छन् ।

द्रष्टव्य : (क) सबै प्रश्नहरू अनिवार्य हुने छन ।

(ख) भाषा विषय बाहेक अन्य सबै विषयको प्रश्नपत्र अङ्ग्रेजी भाषामा हुनेछन र तिनको उत्तर अङ्ग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।

**सहप्राध्यापक** पदको लागि

१. विषयगत समस्या र समाधान आफ्नो विषयसँग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सोसमस्या समाधान गर्ने उपायहरूको सम्बन्धमा १० अङ्कको एक प्रश्न ।

२. अनुसन्धान विधि अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्वकार्यको समीक्षा, तथ्याङ्क सङ्कलन, नमूना छनौट, विश्लेषण, प्रतिवेदन लेखन तथा आफ्नो विषय क्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्थाजस्ता क्षेत्रहरूबाट १० अङ्कको एक प्रश्न वा ५-५ अङ्कका दुई प्रश्नहरू ।

३. सम्बन्धित पाठ्यक्रम तथा नवीन प्रवृत्ति सम्बन्धी ज्ञान बागमती प्रदेश विश्वविद्यालयको हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमका संरचना, तुलना, कमीकमजोरीहरू, सुधारका उपायहरू तथा विषयगत नवीन प्रवृत्ति (New Trend) वा समसामयिक सेवाल (Current Issues) लाई मुख्य आधार मानेर १० अङ्कको एक प्रश्न वा ५-५ अङ्कका दुई प्रश्नहरू ।

**द्रष्टव्य :**

(क) सबै प्रश्नहरू अनिवार्य हुने छन ।

(ख) भाषा विषयबाहेक अन्य सबै विषयको प्रश्नपत्र अंग्रेजी भाषामा हुने छन र तिनको उत्तर अङ्ग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।